# मङ्गलसेन नगरपालिकाका नगर प्रमुख श्री पदम बहादुर बोहराज्यूद्वारा नगर सभामा प्रस्तुत मङ्गलसेन नगरपालिकाको आ.व. २०८२।८३को नीति तथा कार्यक्रम

नगरसभा बाट स्वीकृतः मिति २०८२ असार ९ गते सोमबार

मङ्गलसेन नगरपालिका

२०८२ असार ९

पदम बहादुर बोहरा
नगर प्रमुख

उपस्थित,
नगरसभा उपाध्यक्ष ज्यू,
नगरसभाका सदस्यज्यूहरू,
नगरसभा सचिव ज्यू,
राष्ट्रसेवक कर्मचारी,
सञ्चारकर्मी तथा प्रत्यक्ष प्रशारणमार्फत सुन्नुहुने आम नगरवासी आमा-बुवा, दाजुभाइ तथा दिदीबहिनीहरू,

क. सर्वप्रथम, यस मङ्गलसेन नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवको अनुभूति गर्दैछु।

ख. देशको शासन प्रणाली, लोकतन्त्र र सामाजिक रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष तथा विभिन्न आन्दोलनहरूमा अमूल्य बलिदान दिनुहुने ज्ञात-अज्ञात शहीदहरूप्रति म उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। बेपत्ता, घाइते तथा अपाङ्गता भएका राजनीतिक आन्दोलनका सहभागीहरू र समस्त देशभक्त नागरिकप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

ग. विगतका वर्षहरूमा झैं, यो नगरपालिका संघ, प्रदेश र जिल्लास्तरका अन्य स्थानीय तहहरूसँग सहकार्य, समन्वय र सहअस्तित्वको भावनालाई निरन्तरता दिँदै मङ्गलसेन स्थानीय सरकार समग्र नगर निर्माणमा उच्च लगावका साथ प्रतिबद्ध छ।

घ. स्थानीय तहको दोस्रो कार्यकाल प्रारम्भ भएको तिन वर्षको अवधिमा नगरपालिकाले लिएका नीतिगत र संस्थागत सुधार प्रयासहरूका सकारात्मक नतिजाहरू सामाजिक, आर्थिक, पूर्वाधार तथा सुशासनका क्षेत्रमा देखा पर्न थालेका छन्।

ङ. नगर विकासप्रतिको आम नागरिकको सहभागिता उल्लेखनीय रहँदै आएको छ। "कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र दिगो पूर्वाधारः आत्मनिर्भर

नगरपालिकाले निर्माण गरेका विभिन्न कानूनहरूको प्रभावकारी कार्यान्वयनबाट विधिको शासन सुदृढ हुँदै गएको छ। विकास निर्माणले गति लिएको र आर्थिक-सामाजिक रुपान्तरणमा तिव्रता आएको स्पष्ट देखिएको छ।

. जनशक्तिको कमी, संघ, प्रदेश र स्थानीय तहबीच अधिकार क्षेत्रको अस्पष्टता तथा सीमित स्रोत साधनका कारण समग्र विकास प्रक्रियाका चुनौतीहरू सामना गर्दै दिगो, समावेशी र समुचित आर्थिक विकास लागि मङ्गलसेन स्थानीय सरकार प्रतिबद्ध रहेको छ।

. आर्थिक समावेशिता र समृद्धिको आधारका लागि रोजगारी सिर्जना र आय आर्जनका अवसर विस्तार गर्न उत्पादनमूलक गतिविधिहरूको प्रवर्द्धन, दीर्घकालीन प्रभाव पार्ने गुणस्तरीय भौतिक पूर्वाधारको विकास, जनमुखी, छरितो र प्रभावकारी सेवा प्रवाहमा सुधार, प्रविधि र नवप्रवर्तनको प्रयोगद्वारा प्रणालीगत रूपान्तरण, वातावरणीय सन्तुलन कायम राख्ने दिगो विकासका उपायहरू, सामाजिक न्याय, समावेशिता र अवसरको समानता सुनिश्चित गर्दै गरिबीको अन्त्यतर्फ लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## क.आर्थिक विकास

स्थानीय खाद्य सुरक्षा र आत्मनिर्भरता सुनिश्चित गर्न स–साना सिंचाइ र्वाधार निर्माण/मर्मत, तरकारी, फलफूल, मसलाजन्य बाली उत्पादन ार्यक्रम संघ र प्रदेश सरकारसँग समन्वय गरी अघि बढाइनेछ।

ानीय बालीका लागि सहकारी र निजी क्षेत्रसँग साझेदारी गरी बजारीकरण लगानी प्रवर्द्धन गरिनेछ।

३. जंगली जनावर प्रभावित बाँझो जमिनमा प्राविधिक सल्लाह तथा अनुदानमार्फत अदुवा, र फलफूलको व्यवसायिक खेती प्रोत्साहित गरिनेछ।

४. महिला कृषक र युवा उद्यमीहरूलाई लक्षित गरी कृषि व्यवसायमा सीप विकास, अनुदान प्रवाह गरिनेछ।

५. कृषि उत्पादन वृद्धी गर्न कृषि प्रसार प्रणालीको अवलम्बन गर्दै उत्पादन, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरण मार्फत रोजगारीका अवसरको सृजना गर्ने तर्फ जोड दिईनेछ।

६. पालिका क्षेत्र भित्रका बाझो अवस्थामा रहेका जग्गा जमिनलाई उत्पादन मूलक बनाउन पालिका अन्तर्गतको बिषयगत शाखा मार्फत सार्वजनिक, निजी र सहकारी साझेदारी प्रणाली अनुसार अनुसन्धान तथा विकास, आपसी करार तथा स्वामित्व ग्रहण र समन्यायीक बितरण मोडलमा कृषक तथा लाभग्राहीहरुलाई आबद्ध गराईनेछ।

पशुपंक्षी

७. पशुपंक्षी उत्पादन बृद्धि र रोग नियन्त्रणका लागि कृत्रिम गर्भाधान, व्यापक खोप सप्ताह, र बीउ–दाना बीमा कार्यक्रम संघीय तथा प्रदेश सरकारसँग संयुक्त रूपमा सञ्चालन गरिनेछ।

८. पशु स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेको क्षेत्रका लागि पशु स्वास्थ्य सेवा शिविरहरु सञ्चालन गरीनेछ। प्रत्येक वडामा ट्रेबिज निर्माण गर्ने कार्य लाई निरन्तरता दिईनेछ ।

९. महिला कृषक र युवा उद्यमीहरूलाई लक्षित गरी पशु विकास व्यवसायमा सिप विकास, अनुदान प्रवाह गरिनेछ।

उद्योग

१०. स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि सीप विकासका कार्यक्रमहरू सञ्चालन गरीनेछ । परम्परागत प्रविधिमा आधारित उद्योगहरूलाई नयाँ प्रविधिसँग जोडी आयस्तर वृद्धि गर्न सहयोग पुर्याइनेछ ।



पदम बहादुर बोहरा
नगर प्रमुख

हरुका लागि नगर प्रमुख गरीबी निवारण तथा लघु उद्यम कार्यक्रम सञ्चालन गरीनेछ ।

१२. सबै खालका व्यापार व्यवसाय उद्योग दर्ता प्रकृयालाई सहज र सरल बनाई बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

१३. युवा लक्षित सीपमूलक तालिम सञ्चालन गरी व्यवसायसँग आवद्ध गराइनेछ। अन्तर सरकार समन्वयमा युवा लक्षित रोजगारमूलक आयआर्जन तथा उद्यमशीलताका कार्यक्रमहरू सञ्चालन गर्दै लगिनेछ। उद्यमशील युवाहरूलाई वित्तीय सेवा तथा सहुलियत अनुदानमा पहुँच विस्तार गरीनेछ।

१४. वैदेशिक रोजगारबाट फर्किएका युवालाई उनीहरूको ज्ञान, सीप, विप्रेषण आयलाई पुँजीको रूपमा उपयोग गरी उद्यम व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गरीनेछ।

सहकारी

१५. सहकारी र निजी क्षेत्रसँग साझेदारी गरी बजारीकरण र लगानी प्रवर्द्धन गरिनेछ।

१६. सहकारी र सामुदायिक संस्थाको अनुगमन, नियमन र सुशासन कायम गर्न बचत–ऋण, उत्पादन तथा लगानी कार्यक्रममा प्रवर्द्धन गरिनेछ।

१७. सबै सहकारीहरुलाई COPOMIS मा आवद्ध गरी एउटै प्रकृतीका सहकारी संस्थाहरुमा दोहोरो सदस्यता लिने पद्धतीलाई निरुत्साहीत गर्दै निस्कृय सहकारीहरुलाई खारेज गरिनेछ।

रोजगारी

१८. नगरक्षेत्रमा रहेका विभिन्न विषयका दक्ष, शिपयुक्त र सीप नभएका श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन गरीनेछ। नगरपालिका भित्रको रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलनलाई पूर्णता दिई नियमित रूपमा अध्यावधिक गरीनेछ ।

१९. वैदेशिक रोजगारीमा जाने युवाहरूलाई वित्तीय साक्षरता, आधारभूत सूचना, पूर्व-अभिमुखीकरण एवम् सीपमूलक तालिम कार्यक्रम संघीय सरकार तथा प्रदेश सरकारको साझेदारीमा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गरीनेछ।

२०. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको ज्ञान, सिप, क्षमताको पूर्ण उपयोग गर्दै उनीहरुलाई उद्यमी वन्न प्रेरित गरीनेछ।

२१. नगरपालिकाबाट गरीने विकास निर्माणका कामहरुमा बेरोजगार सूचीमा रहेका बेरोजगारहरुलाई प्राथमिकताका साथ काममा लगाईनेछ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रम र नगरपालिकाका कार्यक्रम संग लागत साझेदारी गर्दै लगिनेछ

पर्यटन

२२. पदमार्ग निर्माण, धार्मिक स्थल र ऐतिहासिक क्षेत्रको संरक्षण संघीय सरकार, प्रदेश सरकार संगको साझेदारीमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ, आन्तरिक पर्यटनलाई विकास संग जोड्दै कृषि तथा हरित पर्यटन प्रवर्धन गरिनेछ ।

ख. सामाजिक विकास

शिक्षा,युवा तथा खेलकुद

२३. प्रारम्भिक देखि माध्यमिक तहसम्म सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गरिनेछ।

२४. “Education for All” मूल नाराका साथ सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ, विद्युतीय हाजिरी प्रणाली, तथा दिवा खाजा कार्यक्रम पूर्ण रूपमा सञ्चालन गरिनेछ।

२५. स्थानीय पाठ्यक्रम विकास गरी भूगोल, संस्कृति र परम्परालाई प्रवर्द्धन गर्ने सामग्री कक्षा १–१० सम्म अनिवार्य रूपमा समावेश गरिनेछ।

आधारित अभिलेख प्रणाली सञ्चालन गरिनेछ।

२७. उच्च शिक्षालाई गुणस्तरीय, अनुसन्धानमुखी र जीवनोपयोगी बनाउन क्याम्पसहरूमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिनेछ।

२८. व्यवसायिक एवं नैतिक शिक्षाका माध्यमबाट युवावर्गलाई दक्ष एवं अनुशासित बनाइउदै युवाहरूलाई दुर्व्यसनबाट रोक्न खेलकुद तथा उत्पादनशील कार्यमा संलग्न गराइनेछ।

२९. युवामा स्वयंसेवी भावनाको विकास गरी विपद् व्यवस्थापन तथा सामाजिक कार्यमा परिचालित गरीनेछ। स्काउट, रेडक्रस, खेलकुद जस्ता रचनात्मक काममा युवालाई संलग्न गराई सृजनशीलता बढाइनेछ ।

३०. खेलकुद तथा व्यायामका कार्यक्रमहरू विद्यालयको नियमित अङ्गको रूपमा विकास गरीनेछ । यस्ता कार्यक्रम सञ्चालन गर्न विद्यालय खेलकुद शिक्षक तथा अतिरिक्त क्रियाकलापमा शिक्षकहरूलाई परिचालन गरिनेछ ।

३१. सवैक्षेत्रका खेलकुदसंग सम्वन्धीत खेलाडीहरुको अभिलेखीकरण गरीनेछ ।जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरुमा उत्कृष्ट प्रतिभा प्रस्फुटन गर्ने खेलाडीहरुलाई पुरष्कृत तथा सम्मान गरीनेछ ।

३२. नगरपालिकामा खेलकुद रङ्गशालाको निर्माण गरीनेछ।

स्वास्थ्य

३३. जेष्ठ नागरीकहरुको आँखा जाँच, सुगर, रक्तचाप, महिलाहरुको पाठेघरको मुखको क्यान्सरको स्कृनिङ र अन्य स्वास्थ्य सेवामा सबैको पहुच समुदायस्तरमा पुर्याउन विषेशज्ञ सहितको घूम्ती स्वास्थ्य सेवा शिबिर संचालन गरीने छ।

३४. नगरपालिका तथा स्वास्थ्य संस्था स्तरीय द्रुत प्रतिकार्य टोलीको क्षमता विकास गरी महामारी तथा विपद जोखीम नियन्त्रण गर्न अत्यावश्यक औषधि तथा सामग्रीहरु सहित तयारि अवस्थामा राख्ने व्यवस्था मिलाईनेछ ।

३५. स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि र औजारहरुको समय अनुसार उचित व्यवस्था गरिनेछ ।

३६. सुनौला १००० दिन भित्रका बच्चाहरु र आमाको पोषण अवस्थालाई सुधार गरी बालबालिकाहरुलाई कुपोषणबाट बचाउन पोषण सम्बन्धि विभिन्न स्वास्थ्य शिक्षा मूलक सचेतना कार्यक्रमहरुको आयोजना गरीनेछ ।

३७. "विद्यालय स्वास्थ्य शिक्षा" कार्यक्रमलाई थप सुधार गर्दै लगिनेछ । स्वास्थ्य संस्थाहरुमा संचालित "पोषण कर्नर" लाई थप प्रभावकारी बनाइनेछ ।

३८. कम तौलका वच्चा जन्माएका सुत्केरी महिलाहरुका लागी उपमेयर पोषण कार्यक्रम सञ्चालन गरीनेछ ।मातृ मृत्यु र शिशु मृत्युदर घटाउन, गर्भवति तथा सुत्केरी जाँच वृद्धि गर्न, संस्थागत प्रशुति बढाउन वर्षै भरी नियमित आईरन, क्याल्सियम चक्की र आयोडिन नुन प्याकेट वितरण कार्यक्रमलाई निरन्तरता दिईने छ। ग्रामिण अल्ट्रासाउण्ड सेवा, शुन्य होम डेलिभरी, पूर्ण गर्भवती जाँच जस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ नगरपालिका भित्रका प्रसूती हुने महिलाहरु लाई घरबाट पालिका भित्रका नजिकको वर्थिङ सेन्टर सम्म जान र प्रसुती भईसकेपछी घर सम्म फर्किनको लागि निशुल्क एम्वुलेन्स सेवा लाई निरन्तरता दिईनेछ।

३९. क्षयरोग, कुष्ठरोग, औलो, डेंगी, कालाजार, स्क्राब टाईफस लगायतका सरुवा रोगहरुको रोकथाम र नियन्त्रणका लागि आवश्यक कार्यक्रम संचालन गरीनेछ। क्षयरोग मुक्त पालिका अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४०. बालबालिकाहरुको स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्न पूर्णखोप सुनिश्चितता कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।

४१. समुदाय स्तरको स्वास्थ्य सुधारका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई उच्च मूल्यांकन गर्दै खोप, गाउँघर



पदम बहादुर बोहरा
नगर प्रमुख

क्लिनिक, स्वास्थ्य आमा समूह परिचालन लगायतका कार्यमा उनीहरुको सक्रियता बढाउन मासिक यातायात र खाजा खर्चको सुविधालाई निरन्तरता दिईनेछ ।

४२. सबै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाई paperless र Digitalization गरीनेछ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

४३. क्षेत्रगत योजनाहरुमा लैङ्गिक समावेशी तथा सामाजिक समावेशीकरण नीतिलाई मूलप्रवाहीकरण गर्दै लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

४४. विकास योजना निर्माण देखि लाभांश वितरण प्रकृयामा महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिकाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

४५. महिला सशक्तिकरणका लागि आयआर्जनमुलक सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४६. बालबालिका संरक्षण, बालविवाह रोकथाम र बालअधिकारको संरक्षण गरिनेछ।

४७. लैङ्गिक हिंसा पीडितहरुका लागि सुरक्षित आवास गृह तथा स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

४८. महिला हिंसा, जातीय विभेद र सामाजिक कुसंस्कार, लागुपदार्थ दुर्व्यसनी, आत्मरक्षा, वालविवाह न्यूनीकरण, विद्यालय स्तरमा सामाजिक सञ्जालको दुरुपयोग लगायतका जागरणमूलक सचेतना कार्यक्रम सञ्चालन गरीनुका साथै यस्ता प्रकारका घटनाहरूलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ।

४९. आत्महत्या रोक्न तथा मानसिक रोगलाई न्युनीकरण गर्न पालिका अन्तर्गतका बिद्यालयहरुमा बिहानी प्राथाना समयमा सकारात्क सोच,

प्रशंसनीय खोज, सिर्जनशिल अभ्यास, जीवन जीउने कला, आधारभूत स्वास्थ्य चेतना, योगा ध्यान, प्राकृतिक उपचार, उपयुक्त आहार बिहार कला, वित्तीय साक्षरता, सफलताको कथाहरु सुन्ने सुनाउने, पृष्ठपोषण आदि जस्ता बिषयमा अनिवार्य कम्तीमा १० मिनेटको शेसन सञ्चालन गर्ने गराउने व्यवस्था मिलाईनेछ।

५०. सामाजिक विकास क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु बीच समन्वय र सहकार्य गरी लक्षित वर्गमा प्रवाह हुने सेवालाई समतामूलक र प्रभावकारी बनाइनेछ ।

५१. लक्षित गरिब, दलित, अल्पसंख्यक र अपाङ्गता भएका नागरिकका लागि जीविकोपार्जन, सीप विकास र रोजगारी सिर्जना कार्यक्रम संघीय तथा प्रदेश सरकारसँग समन्वयमा निरन्तरता दिइनेछ।

५२. सामाजिक सुरक्षा कोषको प्रभावकारी सञ्चालन गरिनेछ।

५३. सामाजिक पञ्जीकरण प्रणालीलाई प्रवर्द्धन गरी सबै नागरिकको सेवा सहज बनाइनेछ।

## ग. पूर्वाधार विकास

### यातायात तथा सडक पूर्वाधार

५४. नगरका मुख्य, सहायक तथा ग्रामीण सडकहरू मर्मत, सुधार र स्तरोन्नति गरिनेछ।

५५. स-साना खोल्सा तथा खोलाहरुले गर्ने वर्षेनि कटान, पहिरो र अन्य प्रकोपबाट प्रभावित सडक संरचना पुनः निर्माण तथा संरक्षण गरिनेछ।

### खानेपानी, सिचाइ तथा जलस्रोत संरक्षण

५६. दिगो खानेपानी व्यवस्थापनका लागि मुहान संरक्षण, रिचार्ज पोखरी र ताल संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

५७. विकासका साझेदार निकायहरु संगको साझेदारीमा नगरपालिकाको एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५८. साना सिंचाइ पूर्वाधार निर्माण र मर्मत गरी कृषि उत्पादन वृद्धिमा सहयोग गरिनेछ।

५९. खानेपानीका स्रोत संरक्षण र दिगो व्यवस्थापन गरिनेछ।

वातावरण तथा सरसफाई

६०. स्वच्छता प्रवर्द्धनका लागि सरसफाइ अभियानहरू सञ्चालन गरिनेछ।

६१. सामुदायिक सरसफाइ तथा फोहोर व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ ।

६२. दुनाटपरी उत्पादन गर्ने लघु उद्योगलाई प्रोत्साहन गरी यसको उपयोगमा बढवा दिदै प्लाष्टिकजन्य पदार्थको उपयोगलाई निरुत्साहित, नियमन गरी स्वच्छ वातावरण निर्माण गरिनेछ ।

६३. सार्वजनिक निजि साझेदारीमा फोहोरमैला व्यवस्थापन कार्य प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

६४. नगर क्षेत्रबाट उत्सर्जन हुने फोहोरलाई बिंसर्जन गर्न फोहोरमैला बिसर्जन क्षेत्रको मर्मत गरी सञ्चालनमा ल्याइनेछ ।

ऊर्जा तथा वैकल्पिक प्रविधि

६५. सामुदायीक विद्यालय, स्वास्थ्य संस्थाहरुमा सौर्य ऊर्जा र अन्य वैकल्पिक ऊर्जाको प्रवर्द्धन गरिनेछ।

६६. टोलस्तरमा विद्युतीय बत्ती विस्तार तथा ऊर्जा बचत सम्बन्धी जनचेतना अभियान सञ्चालन गरिनेछ।

६७. महिलाहरुको घरायसी कार्यबोझ तथा वातावरणीय प्रदुषण कम गर्न संघ संस्था संगको साझेदारीमा परम्परागत चूल्होलाई उन्नत चूल्होले विस्थापित गर्दै क्रमश धुँवा मुक्त वडा घोषणा गर्दै लगिनेछ ।

६८. ऊर्जा सेवा नपुगेका टोलमा विधुत पहुँच विस्तारका लागि समन्वय गरिनेछ।

पदम बहादुर बोहरा
नगर प्रमुख

शहरी योजना तथा भू–उपयोग

६९. नगर भू–उपयोग योजना २०७९ को प्रभावकारी कार्यान्वयन गरिनेछ।

७०. नगर विकास योजना २०७९।८० –२०८४।८५ का क्षेत्रगत रणनीति अनुसार पूर्वाधार परियोजना तयारी गरिनेछ।

७१. आवास, सार्वजनिक भवन, बजार क्षेत्र र अन्य संरचनाको निर्माण नगरको भूगोल, जोखिम र आवश्यकता अनुसार गरिनेछ।

वन वातावरण सरसफाई, स्वच्छता तथा विपद् व्यवस्थापन

७२. सुरक्षित भवन तथा संरचनात्मक पूर्वतयारी सुनिश्चित गरिनेछ।

७३. मङ्गलसेन नगर क्षेत्रमा बगैंचा निर्माण, घर बगैचा, फलफूल र आय मूलक हरियाली बृद्धि विकास कार्यक्रम सञ्चालन गरिनेछ ।सामुदायिक वन अभिलेखीकरण गरी सामुदायीक वन उपभोक्ताहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

७४. नदी किनार, पहाड ढलान र बाँझो जग्गामा हरियाली विस्तार गरी जैविक विविधता संरक्षण गरिनेछ।

७५. जल–वायु परिवर्तन अनुकूलनका पूर्वाधार (green infrastructure) निर्माण गरिनेछ।

७६. विपद् व्यवस्थापन तथा आपतकालीन सेवाका लागि नगर विपद् व्यवस्थापन कोष परिचालन गरिनेछ।

७७. एम्बुलेन्स, दमकल तथा उद्धार संयन्त्रको सुदृढीकरण गरिनेछ।

अनुगमन, मूल्याङ्कन तथा पारदर्शिता

७८. नगरको पूर्वाधार शाखा तथा सम्बन्धित वडाको समन्वयमा योजना कार्यान्वयन हुनेछ।

७९. योजनाहरूको प्राविधिक मूल्याङ्कन, सामाजिक स्वीकृति र वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गरिनेछ।

८०. नगरपालिकाको विनियोजित बजेट तर्फका निर्माण कार्यमा उपभोक्ता समितिको लागत साझेदारी १५ प्रतिशत सुनुश्चित गरिनेछ र स्थानीय प्राविधिक तथा श्रमिकको सहभागिता सुनिश्चित गरिनेछ।

८१. निश्चित बजेट सीमा सम्मका योजना तथा कार्यक्रमहरु वडा स्तरीय अनुगमन समितिबाट अनुगमन गर्ने नीति लिइनेछ ।

८२. वार्षिक समीक्षा र प्रगति मूल्याङ्कनको आधारमा सुधारात्मक कार्य योजना बनाइनेछ साथै सार्वजनिक सेवा प्रवाहमा नागरिक संलग्नगता अभिबृद्धि गर्ने नीति लिइनेछ ।

८३. त्रैमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा नतिजाका आधारमा नीति तथा कार्यक्रममा आवश्यक सुधार गरिनेछ।

## घ. सुशासन तथा संस्थागत विकास

### प्रशासनिक सेवा प्रवाह सुधार

८४. वडा कार्यालय तथा नगरपालिकाबाट प्रवाह हुने सेवाको सेवाप्रवाह मापदण्ड/नागरिक वडापत्र अद्यावधिक गरिनेछ।

८५. सेवा प्रवाहको समय सीमा निर्धारण र नागरिक अनुगमन प्रणाली लागू गरिनेछ।

८६. कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन (Performance Appraisal) प्रणालीलाई व्यवस्थित गरिनेछ।

८७. नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन मार्फत आर्थिक पारदर्शिता र वित्तीय अनुशासन कायम गरिनेछ ।

८८. आवश्यकता अनुसार कानुनहरुको निर्माण, परिमार्जन तथा संशोधन गरी सुशासन, पारदर्शिता, जवाफदेहिता कायम गरीनेछ।

८९. न्यायमा सरल सहज पहुँच अभिवृद्धी गर्न मेलमिलाप केन्द्रलाई प्रभावकारी रुपमा संचालन गर्दै टोल विकास संस्था मार्फत सचेतना अभिवृद्धि कार्यक्रम संचालन गरीनेछ।

९०. विद्युतीय दर्ता चलानी पद्धती अवलम्वन गरी सेवा प्रवाह प्रविधिमैत्री बनाइनेछ।

पदम बहादुर बोहरा
नगर प्रमुख

'वित्तीय सुशासन तथा पारदर्शिता

९१. वित्तीय व्यवस्थापन र राजस्व परिचालनका लागि राजश्व सुधार योजना मार्फत करका दरहरूलाई समयानुकुल र बैज्ञानिक बनाई करको दायरामा नसमेटिएका व्यापार, व्यवसाय लगायतका क्षेत्रहरुलाई नियमन गरी करको दायरामा ल्याईनेछ। विगतमा दर्ता भइ २०८१।८२ सम्म नवीकरण नभएका व्यवसायीलाई आ.व.२०८२।८३ असोज मसान्त सम्म नवीकरण गरेमा जरिवाना छुट गरिनेछ । यस नगरपालिका भित्र उद्योग व्यवसाय स्थापना गरी सबै भन्दा वढि कर तिर्ने, रोजगारी सिर्जना गर्ने उद्योगीहरुलाई सम्मान गर्दै लगिनेछ।

९२. नगरपालिकामा दर्ता नभएका तर घूम्ती सेवाका रुपमा सञ्चालनमा रहेका व्यापार व्यवसायहरुलाई पटके करको दायरामा ल्याईनेछ ।

९३. करदाता शिक्षा, कर सप्ताह कार्यक्रम, डिजिटल कर प्रणाली र वित्तिय साक्षरता अभियान मार्फत आम नागरिक र व्यवसायीहरुमा करको महत्वबारे जनचेतना बृद्धि गरीनेछ ।

९४. ई–बजेट प्रणाली पूर्ण रूपमा कार्यान्वयन गरी बजेट व्यवस्थापनमा पारदर्शिता वृद्धि गरिनेछ।

९५. सार्वजनिक खर्च, योजना छनौट, ठेक्का प्रक्रिया लगायतका विवरण अनलाइनमार्फत सार्वजनिक गरिनेछ।

९६. आन्तरिक लेखा परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम नियमित गरिनेछ।

सार्वजनिक खरिद तथा अनुबन्ध प्रणाली सुधार

९७. खरिद समितिका सदस्यहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी सम्पूर्ण खरिद प्रक्रिया लाई ई–प्रोक्योरमेन्ट प्रणालीबाट सञ्चालन गरिनेछ, ठेक्का सम्झौतामा पारदर्शिता र निष्पक्षताको प्रत्याभूति गरिनुका साथै उपभोक्ताहरुको क्षमता विकास कार्यक्रम मार्फत योजनाहरुको कार्यान्वयनमा गुणस्तरीयता बृद्धि गरिनेछ ।

संस्थागत क्षमता विकास

पदम बहादुर बोहरा
नगर प्रमुख

तालिम, अभिमुखीकरण र गोष्ठी सञ्चालन गरिनेछ।

९९. नयाँ प्रविधि, स्मार्ट प्रशासन र नागरिक–मैत्री सेवा सुधारका अभ्यासहरूमा कर्मचारीहरुको कार्य दक्षता अभिबृद्धि गरी सेवा सुधार सम्बन्धी जनप्रतिक्रिया संकलन र विश्लेषणको संयन्त्र लागू गरिनेछ।

सूचना प्रविधि र डिजिटल प्रशासन

१००. नागरिक विवरण, कर प्रशासन, फोहोर व्यवस्थापन, विकास योजना लगायत प्रणालीहरूलाई डिजिटल प्रवाहमा रूपान्तरण गरी सूचना प्रविधिमा आधारित तथ्यांक संकलन, विश्लेषण र अभिलेख व्यवस्थापन प्रणाली लागू गरिनेछ।

१०१. नगरको वेबसाइट, मोबाइल एप्स, तथा सूचना केन्द्रबाट सेवा जानकारी पहुँच योग्य बनाइनेछ।

सहभागिता, जवाफदेहिता र सामाजिक उत्तरदायित्व

१०२. वडास्तरमा योजना छनोट, सामाजिक परीक्षण र जनसुनुवाइ सुनिश्चित गर्दै नागरिक बडापत्र, सेवा पुस्तिका, गुनासो व्यवस्थापन प्रणाली अद्यावधिक गरिनेछ।

१०३. सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग सुधार गर्न अनुगमन प्रणाली विकासमा जोड दिदै भ्रष्टाचार, अनियमिता र सेवामा ढिलाइ विरुद्ध निगरानी संयन्त्र क्रियाशील गरिनेछ।

१०४. नगरपालिका मातहतका सार्वजनिक संस्थाहरू (विद्यालय, स्वास्थ्य संस्था, सहकारी आदि) मा सेवा मूल्याङ्कन गरिनेछ।

सभा सदस्यज्यूहरू

१०५. नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को प्रस्तुत नीति तथा कार्यक्रमले नगरको "कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र दिगो पूर्वाधार, आत्मनिर्भर मङ्गलसेनको बलियो आधार" सहितको दिर्घकालिन सोचलाई प्रभावकारी कार्यान्वयनमार्फत "समृद्ध नेपाल सुखी नेपाली को सपनालाई पुरा गर्न मद्दत पुग्नेछ। यस नीति तथा कार्यक्रमका उद्देश्य प्राप्त गर्न

नगरपालिकाले साझेदार निकाय संगको सहकार्यमा सामूहिक प्रतिबद्धताको नीति अवलम्बन गर्नेछ।

१०६. अन्त्यमा, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, किसान, उद्योगी व्यवसायी, बैङ्क तथा वित्तीय क्षेत्र, सामुदायिक तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा नगरपालिकालाई सबैबाट सहयोग प्राप्त हुने विश्वास लिएको छु।

धन्यवाद

पदम बहादुर बोहरा
नगर प्रमुख